# जीवन कल्याण कोष नयाँ कोरोना भाइरस विशेष ऋण(समग्र सहयोग कोष लम्बिएको ऋण) (फिर्ता)मिनाहा प्रक्रिया बारे

तपाईंले लिनुभएको विशेष ऋण (समग्र सहयोग कोष लम्बिएको ऋण) रेइवा 6 (2024) साल बाट फिर्ता गर्ने प्रक्रिया सुरु हुन्छ । तर सरकारले तोकेको सर्तहरुमा मेल खाएमा ऋण मिनाहा भई फिर्ता गर्न आवश्यक छैन। यो पत्र पढी प्रक्रिया अगाडी बढाउनुहोस।

## 1 ऋण मिनाहा प्रक्रिया बारे

ऋण मिनाहा सरकारले तोकेको अनुसार ऋण लिएको ऋणको प्रकार अनुसार मिनाहाको प्रक्रिया छुट्टाछुटै सालमा गर्नुपर्दछ। रेइवा 5 (2023) सालमा (समग्र सहयोग कोष लम्बिएको ऋण) को ऋण मिनाहा प्रक्रिया गर्न सकिनेछ। समग्र सहयोग कोष पुनः ऋण लिएको व्यक्ति हरुलाई रेइवा 6 (2024) सालमा प्रक्रिया गरिने भएकोले उक्त सालमा हुलाक पत्र मार्फत सूचना पठाईनेछ।

## 2 रेइवा 5 (2023) सालमा ऋण मिनाहा हुने प्रावधान बारे

सरकारले तोकेको अनुसार आर्थिक वर्ष रेइवा 5 (2023) सालमा､「तपाईं (ऋण लिएको व्यक्ति)」र「ऋण लिएको व्यक्तिको घरमुली」 दुबैको 「निवासी कर प्रति व्यक्ति दर र आयकर दर दुबै भुक्तानी गर्नु नपर्ने」 छ भने ऋण मिनाहा हुनेछ।

**ऋण मिनाहा हुन्छ वा हुदैन थाहा नभएको व्यक्तिले पहिले 2～3 पेज पढ्नुहोस।**

## 3 हाल विशेष ऋण (आपत्कालीन सानो रकम कोष र समग्र सहयोग कोष (पहिलोपटक)) फिर्ता गरिरहनुभएको व्यक्तिको लागि

आर्थिक वर्ष रेइवा **5 (2023)** सालमा, 「तपाईं (ऋण लिएको व्यक्ति)」 र 「ऋण लिएको व्यक्तिको घरमुली」 दुबैको 「निवासी कर प्रति व्यक्ति दर र आयकर दर दुबै भुक्तानी गर्नु नपर्ने」 छ भने छुट्टै आवेदन फारम पेश गरेर, आधार महिना पछिको ऋण मिनाहा हुनेछ। सम्बन्धित व्यक्तिले विशेष ऋण कल सेन्टरमा खबर गर्नुहोस।

## 4 ऋण मिनाहा आवेदन प्रक्रिया विधि

### －ऋण मिनाहाको सर्तमा मेल खाने व्यक्तिले गर्नुपर्ने प्रक्रिया विधि－

- **आवेदन अवधि** रेइवा 5 (2023) **अगस्ट 31** तारिख **【यो मितिको हुलाक छाप मान्य हुनेछ】**
- **आवेदन दिने ठाउँ** ह्योगो प्रिफेक्चर समाज कल्याण परिषद विशेष ऋण कल सेन्टर
- **आवश्यक कागजात** अनिवार्य 3 प्रकारको कागजात पेश गर्नुहोला।
  कागजात नपुगेको वा आवेदन फारममा लेख्न छुटेको पाईएमा पुनः बुझाउनु पर्नेछ।
  ऋण छुट आवेदन फारमको लेख्ने तरिका､「लेख्ने तरिका」 पढ्नुहोला।

| 【महत्वपूर्ण】 | पेश गर्नुपर्ने कागजातहरु |
|---|---|
| 1 | ऋण छुट आवेदन फारम (खामको पत्र 2 ／पत्र संख्या धेरै भएको व्यक्तिले सबै पेश गर्नुहोला) |
| 2 | परिवार सबैको नाम उल्लेखित निवासी दर्ता प्रमाणपत्र (ज्यूमिन्ह्योउ) (घरमुलीको नाम लेखिएको, माईनम्बर नलेखिएको **3 महिना भित्र** जारी गरिएको) ＊जारी दस्तुर आवेदकले भुक्तानी गर्नुपर्ने |
| 3 | कर छुट प्रमाणपत्र (तपाईं र घरमुलीको／तपाईं नै घरमुली हो भने तपाईंको मात्र)<br>＊कर छुट प्रमाणपत्र वा कर प्रमाणपत्रमा 「निवासी कर प्रति व्यक्ति दर र आय दर दुवै 0 येन」<br>＊जारी दस्तुर आवेदकले भुक्तानी गर्नुपर्ने |

＊यो कागजात सँगै भएको निलो रंगको जवाफको लागि खाममा हालेर टिकट नटासी हुलाक मार्फत पठाउनुहोला।

जारीगर्ने समाज कल्याण संस्था ह्योगो प्रिफेक्चर समाज कल्याण परिषद

## 5 ऋण मिनाहा हुन्छ कि हुँदैन थाहा पाउने विधि

तपाईंको स्थिति、「हो」「होइन」「थाहा छैन」द्वारा जवाफ दिनुहोस।

**हाल, तपाईं 「घरमुली」 हो**?
* परिवारको सबै सदस्यहरुको नाम लेखिएको निवासी दर्ता प्रमाणपत्र (ज्यूमिन्ह्योउ) को सबैभन्दा माथि नाम लेखिएको व्यक्ति 「घरमुली」 हो।

हो → हाल तपाईंले निवासी कर भुक्तानी गरिरहनुभएको छ?

होइन → हालको 「घरमुली」 ऋण लिएको बेला, फरक परिवारको थियो?

हो → हाल तपाईंले निवासी कर भुक्तानी गरिरहनुभएको छ?

होइन → हाल तपाईं वा घरमुली कुनैले निवासी कर भुक्तानी गरिरहनुभएको छ?

हाल तपाईंले निवासी कर भुक्तानी गरिरहनुभएको छ?
- हो → 1
- होइन → 2−1
- थाहा छैन → 3

हाल तपाईं वा घरमुली कुनैले निवासी कर भुक्तानी गरिरहनुभएको छ?
- तपाईंले भुक्तानी गरिरहनुभएको छ। → 1
- घरमुलीले भुक्तानी गरिरहनुभएको छ। → 1
- दुबैले भुक्तानी गरेको छैन। → 2−2
- थाहा छैन। → 4

**1 ऋण (फिर्ता) गर्न आवश्यक छ।**

फेरी एकपटक आर्थिक वर्ष रेइवा 5 (2023) को निवासी कर के थियो निश्चय गर्नुहोला। निवासी कर भुक्तानी मिनाहा भएको थियो भने ऋण मिनाहा हुन्छ।

**ऋण फिर्ता गर्न आवश्यक व्यक्तिले,「8」को प्रक्रिया गर्नुहोस।**

**2−1 तपाईं निवासी कर भुक्तानी मिनाहामा परेको हुनाले ऋण मिनाहा हुनेछ।**

**2−2 तपाईं र घरमुली निवासी कर भुक्तानी मिनाहामा परेको हुनाले ऋण मिनाहा हुनेछ।**

**「4」को प्रक्रिया गर्नुहोस।**

**3 तपाईं निवासी कर भुक्तानी मिनाहामा पर्नुभएको छ छैन निस्चय गर्नुहोस।⇒「6」मा**

**4 तपाईं र घरमुली निवासी कर भुक्तानी मिनाहामा पर्नुभएको छ छैन निस्चय गर्नुहोस।⇒「6」मा**


★शहर, नगरपालिका, गाउँपालिका अनुसार「कर मिनाहा प्रमाणपत्र」ले नभई「कर प्रमाणपत्र」वाट कर भुक्तानी मिनाहामा परेको कुरा प्रमाणित गरिन्छ।

★निवासी करको उद्घोष गर्नुभएको छैन भने शहर, नगरपालिका, गाउँपालिका कार्यालयको कर विभागमा उद्घोष गर्नुहोस।(4 पेज)।

## 6　निवासी कर बारे निश्चय गर्ने बिधि

तपाईंको स्थिति、「हो」「होइन」「थाहा छैन」द्वारा जवाफ दिनुहोस।

* आम्दानी पेन्सन मात्र भएको खण्डमा सरकारी कार्यालयमा「कर मिनाहा」हो वा「भुक्तानी गर्नुपर्ने」हो निश्चय गर्नुहोस।




## कर मिनाहा रहेछ

「तपाईं」वा तपाईं घरमुली होइन भने「तपाईं」र「घरमुली」निवासी कर मिनाहा प्रमाणपत्र वा कर प्रमाणपत्रमा「निवासी कर प्रति व्यक्ति दर र आयकर दर दुवै 0 येन」निश्चय गरि प्राप्त गर्नुहोस।
कर मिनाहा प्रमाणपत्र (कर प्रमाणपत्र) रेइवा 5 (2023) साल जनवरी 1 तारिख निवासी दर्ता प्रमाणपत्र भएको शहर, नगरपालिका वा गाउँपालिकाको सरकारी कार्यालयमा प्राप्त गर्न सकिन्छ।※जारी दस्तुर अवेदकले भुक्तानी गर्नुपर्ने **थाहा नभएको खण्डमा शहर, नगरपालिका वा गाउँपालिकाको सरकारी कार्यालयको कर शाखामा सोध्नुहोस।**

* समाज कल्याण परिषदलाई तपाईं वा घरमुली कर मिनाहामा पर्ने हो वा भुक्तानी गर्नुपर्नेमा पर्ने हो अथवा कर भुक्तानी प्रमाणपत्रको लागि आवश्यक पत्रको विस्तृत विवरण थाहा हुँदैन।

## कर भुक्तानी गर्नुपर्ने रहेछ

ऋण फिर्ता गर्न आवश्यक छ। **「8」को प्रक्रिया गर्नुहोस।**

## निवासी कर उद्घोष

रेइवा 5 (2023) साल जनवरी 1 तारिख निवासी दर्ता प्रमाणपत्र(ज्यूमिन्ह्योउ)भएको शहर, नगरपालिका वा गाउँपालिकाको कार्यालयको कर शाखा काउन्टर वा हुलाक मार्फत उद्घोष गर्नुहोस। **थाहा नभएको खण्डमा शहर, नगरपालिका वा गाउँपालिकाको कार्यालयको कर शाखामा सोध्नुहोस।**

* समाज कल्याण परिषद निवासी करको उद्घोष गर्ने प्रक्रिया बारेको सोधपुछको जवाफ दिन असमर्थ छ।

**【निवासी करको उद्घोषको लागि आवश्यक कागजातहरु】**

□निवासी करको उद्घोष पत्र ※शहर, नगरपालिका वा गाउँपालिका अनुसार यस पत्रको ढाँचा फरक हुन्छ।

□परिचय खुल्ने कागजात

□माईनम्बर * माईनम्बर कार्ड, माईनम्बर सूचना कार्ड, निवासी दर्ता प्रमाणपत्र आदिमा निश्चय गर्नुहोस।

□आम्दानीको प्रमाणहरु

・कम्पनि वा पसलमा काम गर्ने व्यक्ति तलब आयको विथहोल्डिंग स्लिप「गेन्सेन च्योउस्युउ ह्योउ」वा 1 बर्ष अवधिको तलबको स्लिप आदि

・सार्वजनिक पेन्सन पाईरहेको व्यक्ति सार्वजनिक पेन्सन विथहोल्डिंग स्लिप「गेन्सेन च्योउस्युउ ह्योउ」

・निजी व्यवसाय गरिरहेको व्यक्ति व्यापार लेनदेन आम्दानी खर्च हिसाबकिताब रेकर्ड गरिएको किताब बिल रसिद जस्ता आम्दानी प्रमाणको कागजात

□कर लाग्ने आम्दानीको रकम कम गर्ने कटौती कागजात

* कर लाग्ने आम्दानीको रकम कम गर्न चाहने व्यक्तिले तयार गर्नुहोला। नचाहने व्यक्तिले तयार गर्नुपर्दैन।

・आफैले भुक्तानी गरेको सामाजिक बिमा शुल्क आदिको बिल

・जीवन बिमा, भुकम्प बिमा आदिको प्रमाणपत्र

・चिकित्सा खर्च कटौतीको विस्तृत विवरण, चिकित्सा खर्चको बिल

・चन्दा रकमको बिल

・अपाङ्गता परिचयपत्र आदि

# 7 ऋण मिनाहा आवेदनको नतिजा सुचित गरिने बारे

**मिनाहा भयो वा भएन भन्ने कुरा रेइवा 5 (2023) साल अक्टोबर पछि पालैसँग पत्रद्वारा सुचित गरिने भएकोले कृपया पर्खनुहोस।** मिनाहा बारेको नतिजा ह्योगो प्रिफेक्चर समाज कल्याण परिषदबाट अनिवार्य सबैलाई हुलाक पत्रद्वारा सुचित गरिने छ। फोनबाट उत्तर दिइने छैन। सकेसम्म चाँडो नतिजा पठाउने प्रयास गर्नेछौं, त्यसैले कृपया नतिजा बारे के हुदैछ भनि सोधपुछ नगरिदिनुहुन अनुरोध गर्दछौं।

जीवन संरक्षण लाभ लिईरहेको व्यक्तिले ऋण लिएको पाईएमा, एकै परिवारमा एकभन्दा बढी ऋण लिएको पाईएमा, यस ऋण लिनको लागि झुटो विवरण पेश गरेको आदि अनाधिकृत ऋण ठहरिएमा मिनाहा नभई एकमुष्ट ऋण फिर्ता गर्नुपरेछ।

# 8 ऋण मिनाहा नहुने खण्डमा

रेइवा 6 (2024) साल जनवरी पछि ऋण फिर्ता शुरु हुनेछ। ऋण फिर्ता शुरु हुने महिना र मासिक रकम बारे फेरी सुचित गरिने छ।

*** हाल विशेष ऋण (आपत्कालीन सानो रकम कोष र समग्र सहयोग कोष (पहिलोपटक) फिर्ता गरिरहनुभएको व्यक्तिको लागि यदि पहिले नै ऋण फिर्ताको लागि खाता दर्ता गर्नुभएको छ भने खाता दर्ता गर्न आवश्यक छैन।**

**यदि भुक्तान पर्ची बाट भुक्तान गर्दै हुनुहुन्छ भने खाता दर्ता गर्नुहोस।**

खाता दर्ता गर्ने बिधि बारे ह्योगो प्रिफेक्चर समाज कल्याण परिषद होमपेज 「नयाँ को रोना भाइरस विशेष ऋण फिर्ता बारे जानकारी」 को पेज बाट निश्चय गर्नुहोस।

**ह्योगो प्रिफेक्चर समाज कल्याण परिषद विशेष ऋण कल सेन्टर**

**0120-552-039**

* भिडभाड हुने समयमा फोन लाग्न गारो हुने सम्भावना भएकोले समय फेरेर फेरि फोन गर्नुहोस।

**होमपेज：**https://www.hyogo-wel.or.jp/topics/coronatokurei.repayment1.php

जारीगर्ने समाज कल्याण संस्था ह्योगो प्रिफेक्चर समाज कल्याण परिषद